# पूर्णखोप सुनिश्चितता एवं दिगोपना घोषणा पत्र

थबाङ गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८२/८३

मितिः २०८३/०३/१८

"स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्णखोप सुनिश्चितता–हाम्रो प्रतिबद्धता" भन्ने मूल नाराका साथ आज मिति २०८३ साल आषाढ १८ गतेका दिन यस थबाङ गाउँपालिकामा आयोजित यस ऐतिहासिक कार्यक्रममा हामी निम्न घोषणा गर्दछौं।

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको सन्दर्भमा, नेपाल सरकारले सञ्चालन गर्दै आएको राष्ट्रिय खोप कार्यक्रम बालबालिकाको जीवन रक्षा गर्ने अत्यन्त प्रभावकारी, सुरक्षित र लागत-प्रभावकारी जनस्वास्थ्य कार्यक्रमका रूपमा स्थापित भएको छ।

यस सन्दर्भमा, थबाङ गाउँपालिकाले राष्ट्रिय पूर्णखोप सुनिश्चितता तथा दिगोपना निर्देशिका बमोजिम सम्पूर्ण वडा, स्वास्थ्य संस्था तथा समुदाय स्तरमा घरधुरी सर्वेक्षण, खोप अभिलेख प्रमाणीकरण, छुटेका बालबालिकाको खोजी तथा "खोज र खोप" अभियान सञ्चालन गरी कुनै पनि बालबालिका राष्ट्रिय खोप तालिका अनुसार खोपबाट नछुटेको सुनिश्चितता गरेको व्यहोरा औपचारिक रूपमा घोषणा गर्दछ।

यस गाउँपालिकाले आधारभूत अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, गाउँघर क्लिनिक, खोप केन्द्र, स्वास्थ्य आमा समूह तथा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सक्रिय सहभागितामा नियमित खोप सेवा प्रभावकारी रूपमा सञ्चालन गर्दै आएको छ।

यसै क्रममा, आर्थिक वर्ष २०८२/८३ मा १६–२३ महिनाका सम्पूर्ण लक्षित बालबालिकाहरूले राष्ट्रिय खोप तालिका अनुसार पूर्ण खोप प्राप्त गरेको र कुनै पनि बालबालिका खोप सेवाबाट वञ्चित नरहेको तथ्य प्रमाणित भएको आधारमा यस थबाङ गाउँपालिकालाई **पूर्णखोप सुनिश्चितता एवं दिगोपना युक्त गाउँपालिका** घोषणा गरिन्छ।

यस उपलब्धि केवल प्रशासनिक सफलता मात्र नभई सम्पूर्ण समुदाय, अभिभावक, स्वास्थ्यकर्मी, जनप्रतिनिधि, स्वयंसेविका, आमा समूह तथा सरोकारवाला निकायहरूको साझा प्रयास र प्रतिबद्धताको परिणाम हो ।

हामी यो उपलब्धिलाई दिगो बनाउन निम्न प्रतिबद्धता व्यक्त गर्दछौं ।

- नियमित खोप सेवा निरन्तर सञ्चालन गर्ने,
- कुनै पनि नवजात शिशु खोपबाट नछुट्ने व्यवस्था गर्ने,
- घरधुरी सर्वेक्षण र खोप अभिलेख अद्यावधिक गर्ने,
- छुटेका तथा जोखिममा रहेका बालबालिकाको तत्काल खोजी र खोप सुनिश्चित गर्ने,
- स्वास्थ्य जनशक्ति र समुदायबीच समन्वय सुदृढ गर्ने,
- आधुनिक खोप केन्द्र भवनको निर्माण र व्यवस्थापन गर्ने,
- खोप कार्यक्रमलाई पूर्ण रुपमा डिजिटाइज गर्ने ।

अन्त्यमा, यस ऐतिहासिक उपलब्धिमा योगदान पुऱ्याउनुहुने नेपाल सरकार, प्रदेश सरकार, स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालय, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य कार्यालय रोल्पा, जिल्ला समन्वय समिति, वडा कार्यालयहरू, सम्पूर्ण स्वास्थ्यकर्मी, राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य आमा समूह, विकास साझेदार संस्था (UNICEF, WHO, UNFPA, KIDS लगायत), सञ्चारकर्मी, समाजसेवी तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछौं।

**"स्वस्थ बालबालिका, समृद्ध थबाङ"** भन्ने साझा लक्ष्यका साथ यो घोषणा पत्र सार्वजनिक गरिन्छ ।

..............................

ऋषिकेशव बुढा मगर
अध्यक्ष

**थबाङ गाउँपालिका**
**झकेबाङ, रोल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

थबाङ गाउँपालिका
खोप समन्वय समितिको कार्यालय
झकेबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

पूर्णखोप सुनिश्चितता एवं दिगोपना घोषणा कार्यपत्र

आर्थिक वर्ष २०८२/८३

थबाङ गाउँपालिका, रोल्पा

मूल नारा:

"स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्णखोप सुनिश्चितता–हाम्रो प्रतिबद्धता।"

मितिः २०८३/०३/१८

नेपाल संवत् ११४६ तछलागाः२, बिहिबार

आदरणीय कार्यक्रमका अध्यक्षज्यू,

प्रमुख अतिथिज्यू,

विशिष्ट अतिथिज्यू,

जिल्ला समन्वय समिति, स्वास्थ्य कार्यालय, सुरक्षा निकाय, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, विकास साझेदार संस्था, राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू, स्वास्थ्य आमा समूह, सञ्चारकर्मी, समाजसेवी, बुद्धिजीवी, कर्मचारी साथीहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू।

स्वास्थ्य शाखा प्रमुख, खोप समन्वय समितिको सदस्य सचिव तथा थबाङ गाउँपालिकाको तर्फबाट यहाँहरू सबैप्रति हार्दिक स्वागत, सम्मान तथा नमस्कार व्यक्त गर्दछु।

आज हामी केवल एउटा घोषणा गर्न भेला भएका होइनौं, हामी एउटा साझा जिम्मेवारी, सामाजिक प्रतिबद्धता र भावी पुस्ताको सुरक्षित भविष्यप्रतिको अटल संकल्पलाई पुनः सार्वजनिक रूपमा व्यक्त गर्न यहाँ उपस्थित भएका छौं। पूर्णखोप सुनिश्चितता एवं दिगोपना घोषणा कुनै औपचारिक कार्यक्रम मात्र होइन; यो प्रत्येक बालबालिकाको बाँच्न पाउने अधिकार, स्वस्थ जीवनको अधिकार र गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने स्थानीय सरकारको दृढ प्रतिबद्धताको अभिव्यक्ति हो।

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ। संविधानको यही मर्मलाई आत्मसात गर्दै नेपाल सरकारले सञ्चालन गरेको राष्ट्रिय खोप कार्यक्रम विश्वकै सफल, प्रभावकारी तथा लागत-प्रभावकारी जनस्वास्थ्य कार्यक्रमका रूपमा स्थापित भएको छ। खोपका कारण हजारौं बालबालिकाको जीवन सुरक्षित भएको छ भने खोपबाट बचाउन सकिने रोगका कारण हुने बिरामीपन, अपाङ्गता तथा बालमृत्युदरमा उल्लेखनीय कमी आएको छ।

नेपालमा खोप कार्यक्रमको इतिहास निकै गौरवपूर्ण छ । वि.सं. २०३४ सालमा विफर (Smallpox) रोग उन्मूलन भएपछि वि.सं. २०३४ सालदेखि विस्तारित खोप कार्यक्रम (Expanded Programme on Immunization) धनुषा, रुपन्देही र सिन्धुपाल्चोक जिल्लाबाट ४ वटा घातक रोग विरुद्धको खोप (बि.सि.जी., डि.पि.टि.)हरु पाइलट कार्यक्रम प्रारम्भ गरी वि.सं.२०४५/४६ सम्ममा देशव्यापी रूपमा तत्कालिन ७५ वटै जिल्लामा विस्तार गरिएको थियो । सुरुवाती चरणमा केही सीमित रोगविरुद्ध सञ्चालन भएको कार्यक्रम आज विस्तार हुँदै राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई १३ वटा घातक रोगविरुद्ध निःशुल्क खोप उपलब्ध गराउने अवस्थामा पुगेको छ। पछिल्ला वर्षहरूमा पाठेघरको मुखको क्यान्सर रोकथामका लागि एचपीभी (HPV) खोपसमेत राष्ट्रिय कार्यक्रममा समावेश भई किशोरीहरूको स्वास्थ्य सुरक्षामा नयाँ आयाम थपिएको छ । यस थबाङ गाउँपालिकामा एचपीभी (HPV)खोप आ.व.२०८१/८२ देखि शुरु भई नियमित रुपमा सञ्चालन भैरहेको छ ।

नेपालको राष्ट्रिय खोप कार्यक्रमले विगत पाँच दशकमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ। देशभरका हजारौं खोप केन्द्र, प्रशिक्षित स्वास्थ्यकर्मी, राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्थानीय सरकार, विकास साझेदार संस्था तथा समुदायको सक्रिय सहभागिताका कारण नेपालले दक्षिण एसियामै उदाहरणीय खोप प्रणाली विकास गर्न सफल भएको छ। नियमित खोप सेवाको विस्तारसँगै पूर्णखोप सुनिश्चितता अभियानलाई स्थानीय सरकारको प्राथमिक कार्यक्रमका रूपमा अघि बढाइएको छ। आज नेपालका सबै जिल्लाले पूर्णखोप सुनिश्चितताको लक्ष्य हासिल गरी यसको दिगोपनातर्फ निरन्तर कार्य गरिरहेका छन् । यो उपलब्धि सम्पूर्ण नेपालीको साझा सफलता हो ।

यस राष्ट्रिय अभियानलाई सफल बनाउन रोल्पा जिल्लाले पनि उल्लेखनीय भूमिका निर्वाह गरेको छ। रोल्पा जिल्ला वि.सं. २०७५ सालमा पहिलो पटक पूर्णखोपयुक्त जिल्ला घोषणा भएको थियो। त्यसयता जिल्लाका सबै स्थानीय तहले प्रत्येक वर्ष पूर्णखोप सुनिश्चितता तथा दिगोपना कायम राख्दै आएका छन्। यो उपलब्धि निरन्तर अनुगमन, घरधुरी सर्वेक्षण, "खोज र खोप अभियान", नियमित सुपरिवेक्षण तथा स्थानीय तहको नेतृत्वका कारण सम्भव भएको हो।

यसै अभियानको अग्रपङ्क्तिमा थबाङ गाउँपालिका निरन्तर रूपमा सक्रिय रहँदै आएको छ। प्राकृतिक सौन्दर्य, ऐतिहासिक महत्व तथा सांस्कृतिक विविधताले सम्पन्न थबाङ गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत रोल्पा जिल्लाको उत्तरी भेगमा अवस्थित छ। १९१.०७ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस गाउँपालिकामा २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार १०,८५१ जनसंख्या रहेको छ। पाँच वटा वडामा विभाजित यस गाउँपालिकामा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न आधारभूत अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई केन्द्र, प्राथमिक स्वास्थ्य तथा गाउँघर क्लिनिक, नियमित खोप केन्द्र तथा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकामार्फत आधारभूत स्वास्थ्य सेवा प्रभावकारी रूपमा सञ्चालन हुँदै आएको छ।



थबाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
झकेबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

दुर्गम भौगोलिक अवस्था, कठिन भू–भाग, मौसमी विपद् तथा बसाइँसराइजस्ता चुनौतीका बाबजुद पनि गाउँपालिकाले "कुनै पनि बालबालिका खोपबाट नछुटोस्" भन्ने मूल उद्देश्यलाई केन्द्रमा राखेर नियमित खोप सेवा सञ्चालन गर्दै आएको छ । प्रत्येक वडामा घरधुरी सर्वेक्षण, छुटेका बालबालिकाको खोजी, नियमित ट्र्याकिङ, माइक्रोप्लान कार्यान्वयन तथा समुदाय परिचालनमार्फत पूर्णखोप सुनिश्चिततालाई संस्थागत अभ्यासका रूपमा विकास गरिएको छ ।

यस वर्ष पनि राष्ट्रिय पूर्णखोप सुनिश्चितता तथा दिगोपना निर्देशिकाबमोजिम आवश्यक सम्पूर्ण सूचकहरूको मूल्याङ्कन, घरधुरी प्रमाणीकरण, अभिलेख परीक्षण तथा स्थलगत अनुगमन सम्पन्न गरी थबाङ गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ मा पनि पूर्णखोप सुनिश्चितता तथा दिगोपना कायम राख्न सफल भएको छ । यो उपलब्धि गाउँपालिकाको मात्र होइन, सम्पूर्ण नागरिक, अभिभावक, स्वास्थ्यकर्मी, स्वयंसेविका, जनप्रतिनिधि तथा सरोकारवाला निकायहरूको साझा सफलता हो।

**आर्थिक वर्ष २०८२/८३ को उपलब्धि तथा प्रगति**

राष्ट्रिय पूर्णखोप सुनिश्चितता तथा दिगोपना निर्देशिका, २०७३ (संशोधित तेस्रो संस्करण, २०७७) बमोजिम गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाबाट घरधुरी सर्वेक्षण, खोप रजिस्टर परीक्षण, माइक्रोप्लान, खोप सत्र सञ्चालन तथा छुटेका बालबालिकाको खोजी गरी प्रमाणीकरणको प्रक्रिया सम्पन्न गरिएको छ।

यस प्रक्रियाबाट कुनै पनि बालबालिका राष्ट्रिय खोप तालिका अनुसारको खोपबाट नछुटून् भन्ने उद्देश्यका साथ आवश्यक सुधारात्मक कार्यहरू सञ्चालन गरिएको छ। नियमित खोप सेवासँगै "खोज र खोप" अभियान प्रभावकारी रूपमा सञ्चालन गरी छुटेका बालबालिकालाई पूर्ण रूपमा खोपको पहुँचमा ल्याइएको छ।

**आर्थिक वर्ष २०८२/८३ का प्रमुख तथ्याङ्क**

(१६–२३ महिनाका पूर्णखोप प्राप्त बालबालिकाको संख्या: १२५

- पूर्णखोप सुनिश्चित भएका बालबालिकाको प्रतिशत : १००%
- वडा नं. १ : २५
- वडा नं. २ : १७
- वडा नं. ३ : २४
- वडा नं. ४ : ३६
- वडा नं. ५ : २३

- जम्मा : १२५
- HPV खोप प्राप्त गर्ने किशोरी (कक्षा ६ तथा लक्षित उमेर समूह) : ९३
- विद्यालय बाहिर रहेका लक्षित किशोरी : २
- "खोज र खोप" अभियानबाट समेटिएका बालबालिका : २
- नियमित खोप केन्द्र : १२
- नियमित खोप सत्र (सेसन) : १२
- राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका : २७ जना
- स्वास्थ्य आमा समूह : ३१ वटा

यी उपलब्धिहरूले गाउँपालिकामा नियमित खोप सेवा प्रभावकारी रूपमा सञ्चालन भएको, समुदायको सहभागिता बढेको तथा कुनै पनि बालबालिकालाई खोपबाट वञ्चित हुन नदिने स्थानीय सरकारको प्रतिबद्धता व्यवहारमा कार्यान्वयन भइरहेको स्पष्ट देखाउँछन् ।

**दिगोपनाका प्रमुख रणनीतिहरू**

पूर्णखोप घोषणा उपलब्धिको अन्तिम बिन्दु होइन; यसको निरन्तरता नै हाम्रो वास्तविक सफलता हो। त्यसैले गाउँपालिकाले आगामी दिनमा निम्न कार्यहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्नेछ ।

- प्रत्येक नवजात शिशुको समयमै अभिलेखीकरण तथा खोप ट्र्याकिङ।
- प्रत्येक महिनाको नियमित खोप सत्र बिना अवरोध सञ्चालन।
- छुटेका तथा बसाइँसराइ गरी आएका बालबालिकाको तत्काल खोजी तथा खोप सुनिश्चितता।
- प्रत्येक स्वास्थ्य संस्थामा अद्यावधिक माइक्रोप्लान तयार गरी नियमित कार्यान्वयन।
- पर्याप्त खोप, सिरिन्ज, कोल्ड चेन तथा अन्य सामग्रीको समयमै व्यवस्थापन।
- स्वास्थ्यकर्मी तथा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि।
- विद्यालय, बाल विकास केन्द्र, आमा समूह तथा समुदायसँग नियमित समन्वय।
- जन्मदर्ता र खोप अभिलेखलाई एकीकृत रूपमा अद्यावधिक गर्ने व्यवस्था।
- नियमित अनुगमन, सुपरिवेक्षण, समीक्षा तथा सामाजिक उत्तरदायित्व प्रवर्द्धन।
- स्थानीय स्रोत, बजेट तथा जनशक्तिको सुनिश्चित व्यवस्थापन गरी पूर्णखोप कार्यक्रमलाई दिगो बनाउने।

हाम्रो लक्ष्य घोषणा मात्र होइन, **थबाङ गाउँपालिकामा जन्मिने प्रत्येक बालबालिकाले राष्ट्रिय खोप तालिकाअनुसार समयमै सम्पूर्ण खोप प्राप्त गर्ने वातावरण स्थायी रूपमा सुनिश्चित गर्नु हो।**

**आभार तथा धन्यवाद!**

यस ऐतिहासिक उपलब्धिमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा अमूल्य योगदान पुऱ्याउनुहुने नेपाल सरकार, स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालय, स्वास्थ्य सेवा विभाग, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, प्रदेश आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश स्वास्थ्य तालिम केन्द्र, स्वास्थ्य कार्यालय

रोल्पा, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, वडा कार्यालयहरू, सम्पूर्ण जनप्रतिनिधिहरू, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू, स्वास्थ्य आमा समूह, विद्यालय परिवार, अभिभावक, राजनीतिक दल, सञ्चारकर्मी, समाजसेवी, बुद्धिजीवी तथा विकास साझेदार संस्था **UNICEF, WHO, UNFPA, KIDS** लगायत सम्पूर्ण सहयोगी संस्था तथा महानुभावहरूप्रति गाउँपालिकाको तर्फबाट हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

विशेष गरी दुर्गम बस्तीमा पुगेर जाडो, गर्मी, वर्षा र कठिन भौगोलिक अवस्थाको पर्वाह नगरी नियमित रूपमा खोप सेवा प्रदान गर्नुहुने सम्पूर्ण स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयंसेविका तथा आफ्ना बालबालिकालाई समयमै खोप लगाई सहयोग गर्नुहुने अभिभावकहरू यस उपलब्धिका वास्तविक नायक हुनुहुन्छ। गाउँपालिका उहाँहरूको योगदानप्रति उच्च सम्मान व्यक्त गर्दछ।

**अन्त्यमा,**

स्वस्थ बालबालिका नै स्वस्थ समाजको आधार हुन्। आजको पूर्णखोप सुनिश्चितता एवं दिगोपना घोषणा हाम्रो अन्तिम गन्तव्य होइन, अझ जिम्मेवार यात्राको नयाँ सुरुवात हो। आगामी दिनमा पनि **"कुनै पनि बालबालिका खोपबाट नछुटोस्, कुनै पनि समुदाय स्वास्थ्य सेवाबाट वञ्चित नहोस्"** भन्ने साझा संकल्पका साथ हामी सबै एकताबद्ध भएर अघि बढ्नेछौँ।

स्थानीय सरकारको नेतृत्व, समुदायको स्वामित्व, अभिभावकको जिम्मेवारी, स्वास्थ्यकर्मीको समर्पण र सबै सरोकारवालाको सहकार्यबाट थबाङ गाउँपालिकालाई पूर्णखोपको दिगो नमुना स्थानीय तहका रूपमा स्थापित गर्न हामी निरन्तर प्रतिबद्ध रहनेछौँ।

**"पूर्णखोप सुरक्षित बालबालिका, स्वस्थ परिवार, समृद्ध थबाङ"** भन्ने साझा अभियानलाई सफल बनाउन यहाँहरूको निरन्तर सहयोग, सद्भाव र सहकार्यको अपेक्षा गर्दै आफ्नो मन्तव्य यही समाप्त गर्दछु।

**धन्यवाद!**

२०८२।०३।१८

तुल बहादुर पुन
सदस्य सचिव
खोप समन्वय समिति
थबाङ गाउँपालिका
झकेबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

तुल बहादुर पुन
सदस्य सचिव

थबाङ गाउँपालिका
खोप समन्वय समितिको सचिवालय
झकेबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल